| ऐन संख्या :- | ....... |
|---|---|

# जानकी गाउँपालिका ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५

| सभाबाट स्वीकृत मिति :- | २०७५।०३।२५ गते |
|---|---|

जानकी गाउँपालिका

बाँके जिल्ला

५ नं.प्रदेश

नेपाल

जानकी गाउँपालिका ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५

## १) परिचय ,

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा,आदर तथा सद्भाव अभिबृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित ब्यवस्थापन गरी नपालको संविधानको अनुसूची -८ क्र सं. १६ बमोजिमको कार्य गर्न जानकी गा.पा. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७५,जारी गरिएको छ ।

## २) परिचय -पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय -पत्र दिने ब्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

## ३) उद्धेश्य :

क) जानकी गाउँपालिकाका सवै ज्येष्ठ नागरिकको पहिचान गर्ने र उनीहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकहरुको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा ,सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन,नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई ,सामाजिक सुरक्षा,न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागि गराउने ।

## ४.लक्षित वर्ग

ज्येष्ठ नागरिक सम्वन्धि ऐन २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सवै नागरिकहरु ।

## ५.ज्येष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिको छ :

क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

घ) अशक्त ज्येष्ठ नागरिक,

ङ) एकल ज्येष्ठ नागरिक,

## ६) परिचय -पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १५ बममोजि साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय -पत्र प्रदान गर्न सकिने छ ।

## ७. ज्येष्ठ नागरिक परिचय -पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय -पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८.परिचय -पत्र वितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय -पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण -पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय -पत्र प्रदान गर्ने अधिकारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले ताकेको पदाधिकारी हुनेछ ।

घ) परिचय -पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए वमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय -पत्रको प्रतिलिपि लिन सम्वधित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

**९) विविध :**

क) ज्येष्ठ नागरिक परिचय -पत्र वितरणका लागि आवश्यक परेको खण्डमा गाउँपालिकाले आफ्नो कार्यविधि आफै निधारण गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय -पत्र वितरण सम्वन्धमा माथि उल्लेखित ब्यवस्था बाहेक प्रचलित कानुनको  अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे वमोजिम हुनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत